आज मिति २०७५/०५/३१ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगरप्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारीसदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव/कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री मेघनाथ पाध्या | प्रमुख प्र. अधिकृत | बुद्धभूमी न.पा. | |
| ४ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ५ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ६ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ७ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ८ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ९ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| १० | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| ११ | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| १२ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १३ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १४ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १५ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १६ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १७ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १८ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| २० | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २१ | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |

Scanned by CamScanner

# मिति: २०७५।०५।३१ गतेको कार्यपालिकाका निर्णयहरु

१. सम्पत्ति कर सम्बन्धी सफ्टवेयर शुरुवात सम्बन्धमा:

निर्णय: यस नगरपालिकाको आ.व. ०७५।७६ को स्वीकृत आर्थिक ऐन अनुसार नगरभित्रबाट बिभिन्न शिर्षकहरुबाट संकलन गरिने करहरुको लागि शहरी बिकास विभागबाट उपलब्ध गराईएको सफ्टवेयर Softech Infosys को प्राविधिक सहयोगमा संचालन गर्न तालिम समेत प्राप्त भैसकेकोले प्रथम चरणमा यस नगरपालिकाको वडा नं. ४ बाट शुरुवात गर्ने र क्रमश: सबै वडाहरुमा संचालन गर्ने निर्णय गरियो ।

२. घरको मापदण्ड सम्बन्धी निर्णय :

निर्णय : बुद्धभूमी नगरकार्यपालिकाको मिति:२०७५।०४।२७ को बैठकबाट निर्णय भएको भवन तथा संरचनाको मूल्यांकनको सूचकहरुमा केही थप गर्नु पर्ने आवश्यक्ता देखिएकोले निम्नानुसारको मूल्यांकन का आधार र दररेट कायम गर्ने निर्णय गरियो ।

| | संरचनाको विवरण | मूल्यांकन दर (प्रति ब.मी) | |
|---|---|---|---|
| | | न्यूनतम | अधिकतम |
| पिलर नभएको पक्की संरचना | पक्की गारो सहित माटो पटान, टिन, टायल, खपडाको छाना | ४००० | ५००० |
| | कच्ची गारो सहित माटो पटान, टिन, टायल, खपडाको छाना | ३००० | ४००० |

३. खेल मैदान निर्माणको लागि स्थान छनौट सम्बन्धमा: ५ नं. प्रदेशबाट शसर्त अनुदानको रुपमा खेलमैदानको लागि प्राप्त योजना कार्यान्वयनको लागि स्थान/जग्गा छनौटको लागि छलफल हुँदा तपसिल अनुसारका सम्भाव्य स्थानहरुको बारेमासमेत छलफल गरियो ।

- वडा नं. ४ अन्तर्गत कार्यालय पूर्वको चउर
- वडा नं. ९ ईमिलिया चउर
- वडा न.६ महुवा चउर
- वडा नं. १० धनकौली विद्यालय अगाडीको चउर
- वडा न. ३ घनचौरा
- वडा नं. २ बडहरा आसपास
- वडा न. १ विरपुर, बसन्तपुर

दिर्घकालिन रुपमा राष्ट्रिय अन्तराष्ट्रिय खेलहरु समेत संचालन हुन सक्ने र प्रयाप्त पार्किङ व्यवस्था, सुरक्षाको व्यवस्था लगायतका विषयवस्तुहरुको अध्ययन अनुगमन समेत गरी आगामी कार्यपालिकाको वैठकमा स्थान छनौट गर्ने गरि निर्णय गरियो ।

४. बहुउद्देश्यिय सभाहल निर्माणको लागि स्थान छनौट सम्बन्धमा:

निर्णय: प्रदेश नं. ५ बाट शसर्त अनुदानको रुपमा बहुउद्देश्यिय सभाहल निर्माणको लागि प्राप्त योजना कार्यान्वयनको लागि आवश्यक जग्गा/स्थान छनौटको सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं. ४ अर्न्तगत पूर्व-पश्चिम लोकमार्गको प्रतिक्षालय हनुमान चोक स्थानलाई नेपाल सरकार मन्त्री परिषद्को निर्णय बमोजिम नेपाल राजपत्रको खण्ड ६७ संख्या ७५ भाग ५ मिति २०७४।११।१४ गतेको प्रकाशित राजपत्रमा जारी सूचना अनुसार यस बुद्धभूमी

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत
(उप सचिव)

Scanned by CamScanner

नगरपालिकाको केन्द्र तोकिएको हुँदा सोही स्थानमा उक्त बहुउद्देश्यिय सभाहलको लागि उपयुक्त देखिएकोले केन्द्र हनुमान चोक क्षेत्रमा सभाहल निर्माण गर्ने निर्णय गरियो ।

५. पूर्ण साक्षरता नगर घोषणा सम्बन्धमा :

निर्णय: नेपाल सरकारको राष्ट्रिय नीति र लक्ष्य अनुरूप पूर्ण साक्षर अभियान भईरहेको सन्दर्भमा यस बुद्धभुमी नगरपालिकाको धेरै जसो वडाहरु पुर्ण साक्षर घोषणा भैसकेको र बाँकी मध्ये वडा नं. ७ र ८ समेतमा साक्षरता अभियान कार्य सम्पन्न भई आवश्यक अभिलेख प्राप्त भईसकेको हुँदा सबै प्रक्रिया पुरा गरी उक्त वडा न. ७ र ८ लाई मिति २०७५।०६।११ गतेका दिन विहान ८:०० बजे वडा नं. ७ र दिनको १:०० बजे वडा नं. ८ मा पूर्ण साक्षर घोषणा सभा गर्ने साथै मिति २०७५।०६।२१ गते भित्र बुद्धभूमी नगरपालिकालाई पूर्ण साक्षर नगर घोषणा भव्यताका साथ सम्पन्न गर्नेको लागि आवश्यक तयारीको लागि सामाजिक विकास समिति संयोजकत्वमा निम्नानुसारको समिति समेत गठन गरी कामको जिम्मेवारी दिने निर्णय गरियो ।

| | | |
|---|---|---|
| संयोजक | - | कपिलदेव तिवारी सामाजिक विकास समिति - संयोजक |
| सदस्य | - | हिमलाल विश्वकर्मा शाखा प्रमुख- सा.वि.शा. |
| सदस्य | - | महिला तथा बालबालिका शाखा |
| सदस्य | - | गोबिन्द प्रसाद आचार्य |
| सदस्य | - | पवन कुमार थारु |
| सदस्य | - | खिमकला पान्डे |
| सदस्य | - | सरस्वती कुंवर |
| सदस्य | - | त्रिलोकि खरविन्द |
| सदस्य | - | खेमराज पौडेल - स्रोतव्यक्ति |
| सदस्य सचिव | - | खिमबहादुर जि.सी. शाखा प्रमुख - शिक्षा शाखा |

उक्त समितिले नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृतसंग समन्वय गरि प्रदेश, जिल्ला तथा स्थानीय तहहरु र समाजसेवी बुद्धीजिवीहरुको उपस्थितीको लागि पत्राचार गर्ने, कार्यक्रम संचालन र व्यवस्थापन समेत गर्ने गरि जिम्मेवारी दिने निर्णय गरियो ।

६. टोल सरसफाई समिति गठन सम्बन्धमा:

निर्णय: सबैका लागि सफा पानी तथा सरसफाइमा पहँचु सुनिश्चित गर्ने नेपाल सरकारको दिगो विकास लक्ष्य समेत रहेको र नगर फोहोर भैसकेपछि व्यवस्थापन गर्नु भन्दा फोहर नै हुन नदिनको लागि नगरबासिहरुको महत्वपूर्ण भूमीका हुने भएको हुनाले टोल टोल बस्ती बस्तीबाट सरसफाई व्यवस्थापन गर्न प्रत्येक वडाहरुले टोल टोलमा गई २०७५ आश्विन २५ भित्र टोल सरसफाई समिति गठन गर्ने र सो को जानकारी नगर कार्यपालिकाको कार्यालयलाई गराउने गरि निर्णय गरियो ।

७. कोष संचालन सम्बन्धी व्यवस्था:

निर्णय: यस बुद्धभूमी नगर कार्यपालिकाको कार्यालय संचालन र व्यवस्थापनको लागि आवश्यक पर्ने तपसिल बमोजिमका कोषहरुको खाता संचालन गर्ने निर्णय गरियो ।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

मेघनाथ पाध्या
प्रमुख प्रशासकीय अधिकृत
(उप सचिव)

Scanned by CamScanner

- बिभाज्य कोष खर्च खाता ( प्रदेश, संघ र स्थानीय तह को साझा अधिकारको सूची अनुसार प्राप्त हुने राजस्व को आम्दानी र वितरण समेत आम्दानी खर्चको व्यवस्थापन खाता )
- विपद् व्यवस्थापन कोष: (विपद्को समयमा भैपरि आउने खर्च संचालन र सोको लागि प्राप्त हुने रकमको आम्दानी खर्चको व्यवस्थापन)
- मर्मत सम्भार कोष: (नगर स्तरमा हुने पूर्वाधार निर्माण भैसकेका तर मर्मत गर्नुपर्ने अवस्थाका कार्यहरुको खर्च व्यवस्थापन)
- Heavy Equipment (भारी सवारी) संचालन र व्यवस्थापन कोष: (यस नगरपालिकाको सम्पत्तिको रुपमा रहेका निर्माण तथा सरसफाई व्यवस्थापन लगायतका सबारी साधनहरु बहालमा लगाउँदा प्राप्त हुने रकमहरुको आम्दानी र ति साधनहरुलाई मर्मत सम्भार गर्दा लाग्ने खर्चहरु समेतको व्यवस्थापन)
- ख-६ विविध खर्च खाता: (उपरोक्त बमोजिमका कोषहरु र सो बाहेक का भैपरि आउने कोषहरु समेतको व्यवस्थापनको लागि आवश्यकता पर्ने खाताहरुको व्यवस्थापन)

८. DPR निर्माण (बुद्धभूमी चक्रपथ) सम्बन्धमा:

निर्णय: शहरी विकास विभागसंग सम्झौता गरि कार्यादेश लिई आएको कन्सल्टेन्सी बाट DPR निर्माणको लागि २ वटा ठुला आयोजनाहरुको विवरण माग भएकोमा यस बुद्धभूमीको आवश्यकता अनुसार बुद्धभूमी चक्रपथ निर्माणको लागि समन्वय गर्ने निर्णय गरियो ।

**<u>तपसिल :</u>**

क) पत्थरकोट - विरपुर - चंघाट - रनगाई - टाँकु - बोक्तापुर - धमौली - मैटहवा - बकुलीपुर - चौवन्न

ख) चौवन्न - पुर्वडी - ८ नं. वडा कार्यालय - पचिगवा - चरिगंवा - दरखसवा - महुवा - धनकौली - चेत्रादेही - गोरूसिंगें

९. ठूला सडक योजना को ब्रेकडाउन गर्ने सम्बन्धमा:

निर्णय: चेतरादेही – धनकौली – महुवा – नयाँनगर – दरखसवा – चरिगावा – पचिगवा सडक - सडक स्तरउन्नतीं तथा कालोपत्रे निर्माण - रु.३ करोडको योजना रहेकोमा बजेटको सिमा भित्र रही यस योजनालाई ३ वटा योजना बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि.नं. | योनाको नाम | बजेट रु. | स्थान | खरिद प्रक्रिया |
|---|---|---|---|---|
| १ | चेत्रादेही- धनकौली सडक स्तरोन्नती तथा कालो पत्रे | १००००००० I- | वडा नं. १० | ई-विड |
| २ | धनकौली-महुवा-नयानगर सडकस स्तरोन्नती तथा कालोपत्रे निर्माण | १००००००० I- | वडा नं. १०, ६ | ई -विड |
| ३ | दर्खसवा-चरिगावा-पचिगावा सडक स्तरोन्नती तथा कालोपत्रे | १००००००० I- | वडा नं. ८ | ई -विड |

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

मेघनाथ पाध्या
प्रमुख प्रशासकीय अधिकृत
(उप सचिव)

Scanned by CamScanner

१०. गरिब घर परिवार परिचयपत्र वितरण सम्बन्धमा:

निर्णय: यस बुद्धभूमी नगरपालिकालाई प्राप्त भएको समपूर्ण वडाहरुको गरिव घरपरिवार सम्बन्धी विवरणमा अत्यन्तै गरिव जसले अति गरिवको परिचयपत्र पाउनुपर्ने अवस्थामा रहेका छन उनीहरुको नाम नामेसी समेत नभएको र धनि व्यक्तिहरुको अति गरिवको नामावलीमा नाम समावेस भएको जस्ता प्रयाप्त त्रुटीहरु भेटीएका र यसको वितरण पश्चात गरिवको सुविधा पाउनुपर्ने व्यक्तिहरु बंचित हुने र यस प्रकारको वितरण न्यायोचित नदेखिएकाले गरिव घर परिवार परिचय पत्र वितरण कार्य नगर्ने र यसलाई शुद्धिकरण र पुन: विवरण संकलन हुनको लागि सम्बन्धित निकायमा पत्राचार समेत गर्ने निर्णय गरियो ।

११. बाल संरक्षण नीति-२०७५ र बाल समूह गठन तथा सहजीकरण निर्देशिका - २०७५ पारित गर्ने सम्बन्धमा :

निर्णय: प्रारम्भिक बाल विकास तथा बाल सहभागिता, बाल अनुकूल न्याय, पहिचान सहित नामाकरण जन्मदर्ता जस्ता बाल स्वतन्त्रताको हक नेपालको संविधानमा उल्लेख भएको र बाल बालिकाहरूलाई शसक्तिकरण गर्ने, बालविवाह, बालश्रम मुक्त गर्ने, बाल विकासमा समान व्यवहार गर्ने राष्ट्रिय लक्ष्य रहेको र यस नगरपालिकाको आ.ब. ०७५/०७६ को नीति तथा कार्यक्रममा समेत बाल मैत्री नगर र वाल स्वतन्त्रताको महसुस हुने खालका कार्यक्रम गर्ने नीति लिइएकोले सोही अनुरूप बाल संरक्षण नीति- २०७५ र बाल समूह गठन तथा सहजीकरण निर्देशिका - २०७५ पारित गर्ने निर्णय गरियो ।

१२. आ.व. २०७४/७५ को बार्षिक कार्यक्रम स्वीकृत भई तपसिल बमेजिमको कार्यक्रम सम्पन्न भएको तर भुक्तानी दिन बाँकी रहेको मा २०७५/०७६ को बार्षिक कार्यक्रम भुक्तानीका लागि स्वीकृत नभएको हुँदा चालु आ.व. को बार्षिक कार्यक्रमको स्वीकृत कार्यक्रम शीर्षक अर्न्तगतको रकमबाट हाललाई भुक्तानी दिन व्यवस्था मिलाउने र आ.व. २०७५/०७६ को देस्रो नगरसभाबाट उक्त बजेट, कार्यक्रम समावेश गरी मिलान गर्ने निर्णय गरियो ।

| सि.नं. | भुक्तानी विवरण | कारण | स्वीकृत कार्यक्रम | रकम | समावेश गर्नुपर्ने कार्यक्रम |
|---|---|---|---|---|---|
| १ | गरिबी निवारण डुमरा | चेक सट्न बाँकी | परामर्श सेवा | ४२,०००।- | सेवा प्रदायक संस्था |
| २ | दलित समाज संस्कृतिक संरक्षण समिति | भुक्तानी बाँकी | कम्प्युटर हार्डवयर | ७५,०००।- | दलित |
| ३ | राजपुर प्रतिक्षालय देखि वडा कार्यालय | भुक्तानी बाँकी | सडकबोर्ड ६०/४० पुर्वाधार निर्माण कार्यक्रम | ५,७१,४२८।- | सडक कालोपत्रे तथा मर्मत |
| ४ | लोकमार्ग डुमराचोक देखि महाराजगंज | भुक्तानी बाँकी | सडकबोर्ड ६०/४० पुर्वाधार निर्माण कार्यक्रम | १५,२५,००७।- | लोकमार्ग डुमरादेखि महाराजगंज सडक |
| ५ | बुडढी बिजगौरी सडक | भुक्तानी बाँकी | सडकबोर्ड ६०/४० पुर्वाधार निर्माण कार्यक्रम | ५,५५,१३५।- | बुडढी बिजगौरी सडक |
| ६ | सडक कालोपत्रे -१ वीरपुर | भुक्तानी बाँकी | सडकबोर्ड ६०/४० पुर्वाधार निर्माण कार्यक्रम | ४,१७,२५१।- | सडक कालोपत्रे |
| ७ | ट्रान्सफर्म खरिद तथा जडान | भुक्तानी बाँकी | मेसिनरी अजार डिजिटल नागारिक वडा पत्र | ४,९५,५२४।८८ | ट्रान्सफर्म खरिद तथा जडान |
| | | | जम्मा | ३६१८३४५।८८ | |

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

मेघनाथ पाध्या
प्रमुख प्रशासकीय अधिकृत
(उप सचिव)

Scanned by CamScanner

१३. आ.व. २०७४।०७५ तर्फ यस नगरपालिका भित्र रहेका स्वास्थ्य चौकी स्वास्थ्य संस्थाहरुको जेठ र असार महिनाको सर्शत शीर्षकमा तलब रु. ३६ लाख पटक पटक स्वास्थ्य मन्त्रालय तथा सम्बन्धित निकायमा माग गर्दा पनि २०७५ असार मसान्त सम्म सो दुई महिनाको लागि चाहिने तलब भत्ता रु. ३६ लाख प्राप्त नभएकाले कर्मचारीहरुलाई भुक्तानी दिन नसकेकोले हाल आ.व. २०७५।०७६ मा पनि पहिलो चौमासिकमा तलब शीर्षकमा निकासा ज्यादै कम बजेट प्राप्त भएकाले सो बजेट नपुग हुन गई गत आ.ब. को र यस आ.व. २०७५।०७६ को नपुग बजेट स्वास्थ्य मन्त्रालय, स्वास्थ्य विभाग तथा सम्बन्धित निकायमा माग गरी प्राप्त भएपछि शोधभर्ना हुने गरी मिलान गर्ने चाडपर्वको मुखमा आएर पनि स्वास्थ्य संस्थाका कर्मचारीलाई गत आ.ब. तथा यस आ.ब. मा तलब भत्ता यस नगरपालिकाको कार्यालयका लागि चालु तथा प्रशासनिक खर्च तर्फ बजेट शीर्षक नं. २११११ थप कर्मचारी तर्फको बजेट रुं ४० लाख २९ हजार मध्येबाट तलब भत्ता भुक्तानी दिने निर्णय गरियो।

१४. विविध:

- परिवार नियोजन दिवस सम्बन्धमा : विगत पांच वर्ष देखि हरेक वर्षको सेप्टेम्वर १८ तारिखका दिन मनाईदै आएको राष्ट्रिय परिवार नियोजन दिवस यस बर्ष पनि मिति: २०७५।०६।०२ गतेका दिन " व्यवस्थित परिवार, स्वास्थ्य र विकास को आधार" भन्ने मूल नाराका साथ भव्य रुपमा मनाउने निर्णय गरियो।
- पटके सबारी कर संकलन कार्य स्थगन सम्बन्धमा: ५ नं. प्रदेश को परिपत्र अनुसार कुनै पनि स्थानीय तहहरुले पटके सबारी कर संकलन कार्य नगर्ने सम्बन्धी परिपत्र भएकोले सम्झौताको प्रक्रियामा रहेको पटके सबारी कर को ठेक्का प्रक्रिया स्थगन गर्ने र ठेक्का सम्झौता गर्न जम्मा गरेको किस्तावापतको रकम सम्बंन्धीत ठेकेदारलाई नियमानुसार फिर्ता गर्ने समेत निर्णय गरियो।
- ढुंगा, गिट्टी, बालुवाको IEE सम्बन्धमा: यस बुद्धभूमी नगर क्षेत्रका खोलाहरुबाट संकलन गर्न सकिने ढुंगा, गिट्टी बालुवाको प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदनको कार्य विवरण (TOR) २०७५ असार महिनामा जिल्ला समन्वय समितिमा पठाईएको तर हाल सम्म उक्त (TOR) जिल्ला समन्वय समित बोर्डबाट पास गर्ने निर्णय हुन नसकेकोले IEE को लागि सम्झौता गरेको संस्था लुम्बनी सामाजिक विकास केन्द्रलाई कार्यविवरण उपलब्ध गराउन नसकेको कारण म्याद थप गर्नु परेको र IEE को प्रक्रिया ढिलाई भएको कार्यपालिकामा जानकारी भयो।
- बाल विवाहमुक्त वडा घोषणा सम्बन्धमा: यस बुद्धभूमी को वडा नं. १ लाई वाल विवाह मुक्त वडा घोषणा गर्नको लागि प्रारम्भिक चरणका कार्यक्रमहरु सम्पन्न गरिएकोले वडा नं. १ लाई मिति:२०७५।०६।०३ गतेका दिन बाल विवाह मुक्त वडा घोषणा कार्यक्रम भएकोले उक्त कार्यक्रममा उपस्थितीको लागि कार्यपालिकामा जानकारी गराईयो।
- गोरुसिंगे-सन्धिखर्क चोकमा निर्माण भएको सार्वजनिक शौचालयको संचालन सम्बन्धमा: खानेपानी तथा सरसफाइ सब डिभिजन कार्यालय, स्थानीय उपभोक्ता र नेपाल आर्मी समेतको सहकार्यमा निर्माण भएको गोरुसिंगे-सन्धिखर्क चोकमा रहेको सार्वजनिक शौचालय निर्माण सम्पन्न भई खानेपानी तथा सरसफाई सब डिभिजन

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

मेघनाथ पाध्या
प्रमुख प्रशासकीय अधिकृत
(उप सचिव)

Scanned by CamScanner

कार्यालय कपिलवस्तुबाट मिति:२०७५।०४।३१ मा यस नगरपालिकालाई हस्तान्तरण भई सकेकोले यस लाई व्यवस्थापन र संचालन गर्न २ नं. वडा कार्यालयलाई हस्तान्तरण गर्ने निर्णय गरियो।

- छाडा चौपाया व्यवस्थापन सम्बन्धमा: यस नगरपालिका भित्र यत्र तत्र छरिएर रहेका छाडा चौपायाहरुको व्यवस्थापन गर्न अत्यन्तै आवश्यकता भएकोले के कसरी गर्दा दिगो रुपमा व्यवस्थापन हुन सक्छ सो सम्बन्धमा छिमेकी नगरपालिका शिवराज संग समेत सहकार्य र समन्वय गरि व्ययस्थापन गर्ने निर्णय गरियो।
- यस नगर कार्यपालिकाको प्रत्येक वैठकमा आर्थिक सहयोग सम्बन्धी निवेदन हरु प्राप्त हुने गरेकोले अव आईन्दा त्यसरी आर्थिक सहयोग वितरण नगर्ने र यस कार्यपालिकाबाट आर्थिक सहयोग निर्देशिका तयार गरि सोही निर्देशिका बमोजिम मात्र आर्थिक सहयोग वितरण गर्ने निर्णय गरियो।
- हराएको मोटरसाईकल सम्बन्धमा: जिल्ला प्रहरी कार्यालय को च.नं.९३६, मिति:२०७५।०५।०५ को पत्र बमोजिम खोजी कार्य भईरहेको हालसम्म फेला नपरेको व्यहोराको जानकारी भयो।
- आर्थिक सहयोग सम्बन्धमा : तपसिलमा उल्लेखित भएकालाई आवश्यक कागपत्र लिई दिने निर्णय गरियो।

| सि.नं. | वडा नं. | आर्थिक सहयोग निवेदकको नाम | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १क | २ | जय बुद्ध ब.उ.सहकारी | आगामी कार्यक्रममा राख्ने | | आगामी कार्यक्रममा राख्ने |
| २ | ४ | बर्षाती भर | दुवै मृगौला उपचार | ५०००।- | |
| ३ | ४ | कुसुम केवट | हेपाटाईटिस रोगको उपचार | ५०००।- | |
| ४ | ६ | सितारुन निसा मनिहार | पेटको ट्यूमरको उपचार | ५०००।- | |
| ५ | ७ | रामबहादुर अहिर | गोठ मर्मत | ५०००।- | आगलागीबाट गोठ जलेकोले सहयोग |
| ६ | ९ | मौनीवावा | गाई गोठ व्यवस्थापन | | शिवराज न.पा.संग समन्वय गरी निर्णय गर्ने |
| ७ | १० | मान्ती तेली | बर्षादका कारण घर भत्केको | | प्राविधिक ल.ई. तयार गरि कार्यान्वयन गर्ने |
| ८ | १० | सावित्री पासी | घर मर्मत | | प्राविधिक ल.ई. तयार गरि कार्यान्वयन गर्ने |
| ९ | १० | विर्जा धोवी | क्यान्सरको उपचार भैरहेको | ५०००।- | आर्थिक अवस्था कमजोर |
| १० | क.व.न.पा | जावेद रगरेज | आर्थिक अवस्था कमजोर भएको | ५०००।- | पक्षघातबाट पिडित |

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

मेघनाथ पाध्या
प्रमुख प्रशासकीय अधिकृत
(उप सचिव)

Scanned by CamScanner